# आर्थिक वर्ष २०८२/०८३ को कार्यक्रम तथा बजेट वक्तव्य

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

**चौरजहारी नगरपालिका**

**कर्णाली प्रदेश**

**२०८२**

**नगरसभाको बैठकमा मिति २०८२ असार ०७ गते शनिबार**
**नगर उपप्रमुख श्री ईश्वरीकुमारी शर्मा, बि.एम्.ज्यूले**
**प्रस्तुत गर्नुभएको**

# आर्थिक वर्ष २०८२/०८३ को कार्यक्रम तथा बजेट वक्तव्य

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

**चौरजहारी नगरपालिका**
**कर्णाली प्रदेश**
**२०८२**

**चौरजहारी नगरपालिकाको यस गरिमामय नगरसभाका अध्यक्षज्यू र सभा सदस्यहरू,**

१. सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको बलिदानीपूर्ण सङ्घर्ष, महान जनयुद्ध, जनआन्दोलन विभिन्न समयका आन्दोलनबाट प्राप्त उपलब्धिहरुलाई संस्थागत गर्न स्वाभिमानी नेपाली जनताको तागतमा बनेको संविधान सभाबाट निर्मित संविधानअनुसार गठित यस चौरजहारी नगरपालिकाको जननिर्वाचित जनप्रतिनिधहरूको सार्वभौम थलो नगरसभामा चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई खुशी लागेको छ।

२. यस अवसरमा लोकतान्त्रिक गणतन्त्र, सङ्घीयता, समावेशिता, सामाजिक न्यायका लागि जीवन उत्सर्ग गर्नुहुने सबै शहीदहरूप्रति हार्दिक श्रद्धासुमन प्रकट गर्दछु । जनयुद्धका बेपत्ता, घाइते, अपाङ्गता भएका व्यक्ति र आन्दोलनमा स्वाभिमानपूर्वक सहभागी भई योगदान गर्नुहने व्यक्तित्वहरूको स्मरण गर्दै उच्च सम्मान गर्दछु।

३. साधनस्रोत सीमित छ। आवश्यकताहरू असीमित छन्। गरिबी, अभाव र बेरोजगारीसँग जुँधिरहेको चौरजहारी नगरपालिकाले विभिन्न कारण देशमा देखापरेको आर्थिक मन्दिको पनि सामना गर्नुपरेको छ। सीमित स्रोतसाधनमा हाम्रा सबै आवश्यकता योजना, कार्यक्रम र सीमित बजेटले पूर्ण सम्बोधन गर्न सक्दैन। उत्पादनमार्फत् रोजगारी सिर्जना र गरिवीको अन्त्य, जनताका जनजीविकाका सवाललाई सम्बोधन हुने गरी बजेट तथा कार्यक्रम प्रस्तुत गर्नु हाम्रो दायित्व सम्झेका छौं। शिक्षा, कृषि, स्वास्थ्य, उत्पादन र रोजगारी यस बजेटका मुख्य प्राथमिकता हुन्।

४. बजेट तर्जुमा गर्दा नेपालको संविधान र कानुन, नेपालको सोह्रौं योजना, कर्णाली प्रदेश दोस्रो पञ्चवर्षीय योजना, दीगो विकास लक्ष्य, यस सम्मानित सभाले पारित गरेको चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम, नगरसभाका सदस्यहरू, शिक्षक, वुद्धिजीवि, कर्मचारी, व्यापारीसहित आम चौरजहारी नगरवासी जनसमुदायबाट प्राप्त महत्वपूर्ण सुझाव मार्गदर्शनलाई बजेटको प्रमुख आधार बनाइएको छ।

**आर्थिक वर्ष २०८२/०८३ को बजेट प्रस्तुत गर्नुअघि आर्थिक वर्ष २०८१/०८२ को यस चौरजहारी नगरपालिकाको बजेट कार्यान्वयन र राजश्वको अवस्था प्रस्तुत गर्दछु।**

५. आर्थिक वर्ष २०८१/०८२ का लागि आन्तरिक राजश्वको २ करोड ७३ लाख प्रक्षेपण गरिएकोमा हालसम्म २ करोड ४ लाख सङ्कलन भएको छ। अनुमानको यो ७५ प्रतिशत प्रगति हो।

६. आर्थिक वर्ष २०८१/०८२ मा सङ्घीय सरकारबाट समानीकरण अनुदान १० करोड ९ लाख विनियोजन भएकोमा वास्तविक आम्दानी ९ करोड २५ लाख ८५ हजार ८ सय ४० अर्थात्

९१.७६ प्रतिशत रकम प्राप्त भएको छ । सर्सत अनुदान चालुतर्फ २३ करोड ९९ लाख ७९ हजार विनियोजन भएकोमा २३ करोड ८८ लाख ७९ हजार अर्थात् ९९.५४ प्रतिशत वास्तविक आय भएको छ । त्यसैगरी सङ्घको सर्सत अनुदान पुँजीगततर्फ ३ करोड १६ लाख विनियोजन भएकोमा वास्तविक आय ३ करोड १६ लाख अर्थात् सत प्रतिशत प्राप्त भएको छ । राजश्व बाँडाफाँट अन्तर्गत सङ्घीय सरकार मूल्य अभिवृद्धि करबाट ९ करोड ३७ लाख २२ हजार विनियोजन भएकोमा हालसम्म ५ करोड ४२ लाख ६५ हजार अर्थात् ७३.६१ प्रतिशत रकम प्राप्त भएको छ । अन्तशुल्क २ करोड ६७ लाख ७७ हजार विनियोजन भएकोमा २ करोड ३८ लाख ९ हजार अर्थात् ८८.९२ प्रतिशत वास्तविक आय भएको छ । स्थानीय राजश्व बाँडफाँट घरजग्गा रजिष्ट्रेसन र दहत्तर बहत्तरको ५७ लाख आय अनुमान गरेकोमा ४१ लाख ७० हजार ४२७ अर्थात् ७३.१६ प्रतिशत मात्र प्रगति भएको छ । प्रदेश सरकारको बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर १२ लाख ३२ हजार ९४२ आय अनुमान गरिएकोमा ५ लाख ४० हजार अर्थात् ४३.० प्रतिशत मात्र प्रगति भएको छ ।

**७.** प्रदेश सरकारको समानीकरण अनुदान १ करोड १३ लाख २९ हजार आय अनुमान गरिएकोमा शत प्रतिशत प्राप्त भएको छ । प्रदेश समपूरक अनुदान पुँजीगततर्फ ५० लाख आय अनुमान गरेकोमा १५ लाख ८ हजार अर्थात् ३०.१७ प्रतिशत प्रगति भएको छ । ससर्त अनुदान चालुतर्फ २१ लाख ७० हजार आय अनुमान गरिएकोमा १२ लाख ४७ हजार ५०० अर्थात् ५७.४९ प्रतिशत प्रगति भएको छ । प्रदेश सर्सत अनुदान पुँजीगततर्फ ५ करोड ९५ लाख आय अनुमान भएकोमा हालसम्म २ करोड ८५ लाख ९० हजार रकम अर्थात् ४८.५ प्रतिशत प्राप्त भएको छ । प्रदेश सरकारबाट विशेष अनुदान ३० लाख विनियोजन भएकोमा कार्यक्रम कार्यान्वनकै क्रममा रहेकोले प्राप्त हुन नसकेको जानकारी यस सम्मानित सभामा अवगत गराउँछु ।

**८.** चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ मा सम्पन्न गरेका योजना तथा कार्यक्रमहरूको यस सम्मानित सभामा जानकारी गराउँछु । विद्यालय भौतिक पूर्वाधार निर्माण अन्तर्गत हिमालय माध्यमिक विद्यालय खोलागाउँमा छात्रावास भवन निर्माण गरिएको छ । जसबाट जसबाट १०० जना विद्यार्थीहरू प्रत्यक्ष लाभान्वित भएका छन् । ४५ लाखको लागतमा जहारी क्याम्पस खोलागाउँको भौतिक पूर्वाधार निर्माण गरिएको छ । जनता आधारभूत विद्यालय सिमचौरमा विद्यालय भवनको तला थप गरिएको छ । नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय र स्वास्थ्य संस्थाहरूमासमेत गरी जम्मा ६७ वटा कार्यालयहरूमा इ- हाजिरी व्यवस्थित रूपमा सञ्चालन गरिएको छ । सबै विद्यालय र कार्यालयहरूमा इन्टरनेट सेवा विस्तार गरिएको छ । विद्यालय सञ्चालनको अनुमति पाएका तर शिक्षक दरबन्दी नभएका विद्यायलहरूमा नगर शिक्षक ११५ जना परिचालन गरिएको छ । निजी स्रोत शिक्षक विहीन विद्यालय बनाउने अभियानलाई

पूर्णता दिइएको छ । कक्षा ५ सम्म अध्ययनरत विद्यार्थीहरूलाई  नगरपालिकाले नि:शुल्क ड्रेस र स्टेशनरी सामग्री प्रदान गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।

**९.** माध्यमिक विद्यालय खहरे र जनकल्याण माध्यमिक विद्यालय जोगीनेटामा सुविधासम्पन्न ICT ल्याव स्थापना गरिएको छ । जनकल्याण माध्यमिक विद्यालय खागलमा पुस्तकालय र माध्यमिक विद्यालय कोटजहारीमा ल्यापटप लगायतका सामग्री प्रदान गरिएको छ । नियमित छात्रवृत्तिका अतिरिक्त ४५० जना विद्यार्थीहरूलाई KISK EQUIP सँगको सहकार्यमा ३ हजारका दरले छात्रवृत्ति प्रदान गरिएको छ ।  हिमालय माध्यमिक विद्यालय खोलागाउँमा विज्ञान विषय पढ्ने ४० जना विद्यार्थीहरूलाई विज्ञान विषय छात्रवृत्ति प्रदान गरिएको छ ।

**१०.** सहज, सुपथ र गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचका लागि १ हजार २८४ घरपरिवारलाई रु. १ लाखसम्म औषधी उपचार गर्न सकिने गरी नि:शुल्क स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध गरिएको छ । यसबाट १२ करोड ८० लाख बराबरको उपचार गर्ने सकिने व्यवस्थाको सुनिश्चित गरिएको छ । मृगौला प्रत्यारोपण गरेका, डायलासिस गराइरहेका, क्यान्सर, मेरुदण्ड पक्षघातका ३१ जना बिरामीहरूलाई मासिक रु. ५ हजारका दरले आर्थिक सहयो प्रदान गरिएको छ । चौरजहारी नगरपालिका १ मा ब्लड बैङ्क सञ्चालनका लागि सहकार्य गरिएको छ ।

**११.** पाँच सय क्षमताको सभाहल निर्माणको काम अगाडि बढेको छ । वडा नं. ३ मा ५० शैया अस्पताल पूर्वाधार निर्माणको काम भइरहेको छ । १ नम्बर वडाको घारीगाउँको जग्गा एकीकरण आयोजनाको काम सम्पन्न गर्न तोकेका साथ गति पाएको छ । ३ नम्बर वडाको टाटागाउँमा जग्गा एकीकरण (Land Pulling) आयोजना प्रक्रिया अगाडि बढाइएको छ । वडा नं. १ को टिकाचौरमा पनि जग्गा एकीकरण आयोजनाको लागि कार्य प्रारम्भ गरिएको छ ।

**१२.** **'एक घर एक धारा'** खानेपानी आयोजना कार्यान्वयनका लागि भेरीमालिका लिफ्ट खानेपानी आयोजनाको कामले तीव्रता पाएको छ । ७० लाखको लागतमा वडा नं. ११ मा लिफ्ट खानेपानी आयोजना सम्पन्न गरी ६७ घरपरिवारहरू प्रत्यक्ष लाभान्वित भएका छन् ।  यो सँगै नगरपालिकाका करिब ९२ प्रतिशत घरपरिवारमा स्वच्छ र सफा खानेपानीको सुविधा पुगेको छ ।

**१३.** नगरपालिकाका सबै सडकहरूको समयमै मर्मत सम्भार गरिएको छ । खहरे लहरेसिमल खोलागाउँ सडक खण्डमा कालोपत्रेको काम भएको छ । कोटजहारीमा RCC ढलान गरी सडक स्तरोन्ती गरिएको छ । योसँगै मध्यपहाडीसहित चौरजहारीमा कालोपत्रे भएको सडक ३१ किलोमिटर पुगेको छ । खोलागाउँमा व्यवस्थित बसपार्क निर्माणको काम अन्तिम चरणमा पुगेको छ ।  चौरजहारी मुख्य बजार क्षेत्रको बसपार्क हस्तान्तरण भइ ठेक्कामार्फत् सञ्चालनको अन्तिम चरणमा रहेको छ ।

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

**१४.** नगरपालिकाको दीगो आन्तरिक आयका लागि स्यार्यु पावर कम्पनीको संस्थापक सेयर सदस्य बनेको छ । हाइड्रोपावर सञ्चालन भएपश्चात् वार्षिक १ करोड आन्तरिक आय हुने गरी नगरपालिकाले लगानी गरेको छ । यसले नगरपालिकालाई आन्तरिक आयमा सक्षम बनाउन टेवा पुग्ने विश्वास लिइएको छ । उत्पादन र उत्पादकत्त्व वृद्धि गर्न विभिन्न ६ वटा सिंचाइ कुलो निर्माण गरिएको छ । बाख्र पकेट कार्यक्रम सञ्चालन गरी कृषि व्यवसाय प्रवर्धन गरिएको छ । १२ हजार १ सय ५७ पशुपन्छीहरूको उपचार गरिएको छ । ५ हजार ५ सय घरपरिवारलाई तरकारी मिनिकिट प्रदान गरिएको छ । २१ हजार भेडाबाख्रामा PPR खोप लगाइएको छ । व्युटिपार्लर सम्बन्धी १७ जनालाई एभान्डस तालिम प्रदान गरिएको छ । २० जनाका लागि बुढा बुन्ने तालिम सञ्चालन गरिएको छ ।

**१५.** वडा नं. मोक्षद्वारीलाई आकर्षक पर्यटकीय गणतव्यका रुपमा विकास गर्न ६८ लाखको लागतमा पर्यटन पूर्वाधार निर्माण गरिएको छ । वडा नं. १४ को शिवगुफा पर्यटन पूर्वाधार विकास गरिएको छ ।

**१६.** नगरपालिका क्षेत्रभित्र गुणस्तरीय, सहज र सुपथ भाडामा आवतजावतको प्रबन्धका लागि नगर बस सेवा सञ्चालन कार्यलाई निरन्तरता दिइएको छ । हाल ५ वटा नगर बस र ३ वटा एम्बुलेन्स सञ्चालनमा छन् । तोकिएका लक्षित वर्ग र समुदायका नागरिकहरूलाई नगर बस र एम्वुलेन्समा सहुलियत प्रदान गरिएको छ ।

**१७.** नगरपालिका क्षेत्रभित्रका २ हजार १३९ बालबालिका, ७९१ जना दलित बालबालिका, १०४ जना 'क' र ७३ जना 'ख' वर्गका अपाङ्गता गरी १७७ जना र ६८ वर्ष माथिका जेष्ठ नागरिक १ हजार ३८३ सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध गरिएको छ । त्यसैगरी दलित जेष्ठ नागरिक, २८५ जना, विधवा ३९४ र एकल महिला १७१ जनालाई सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध गरिएको छ ।

**१८.** चौरजहारी नगरपालिकामा पूर्ण विद्युतीकरण गर्ने कार्यलाई तीव्र बनाइएको छ । वडा नम्बर ६,१२, १३ र १४ मा विद्युतीकरण गर्ने कार्यलाई गति प्रदान गरिएको छ । बाँकी वस्तीहरूमा पनि विद्युतीकरण भइहरेको छ ।

**१९.** २०८० कार्तिक १७ गते राति जाजरकोट रामीडाँडा केन्द्रविन्दु भइ गएको भूकम्पका कारण निजी आवासमा पूर्ण वा आंशिक क्षति भइ बस्न नमिल्ने अवस्थाका भूकम्प पीडित परिवारहरूलाई राहत स्वरुप अस्थायी आवासका लागि अनुदान प्रदान गरिएको छ । हालसम्म ७ हजार ३७३ घरपरिवारलाई प्रथम किस्ता वापत रु. २५ हजारका दरले १८ करोड ४० लाख ७५ हजार निकासा

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

गरिएको छ। दोस्रो किस्ता वापत ६ हजार ९१९ घरपरिवारलाई २५ हजारका दरले १७ करोड २९ लाख ७५ हजार गरी कुल ३५ करोड ६८ लाख २५ हजार रकम प्रदान गरिएको छ। भूकम्प पीडित परिवारलाई नगद आर्थिक सहायता प्रदान गरिएको छ। विश्व खाद्य कार्यक्रमसँगको सहकार्यमा कामका लागि नगद ९२१, निसर्त ६३१, सिपमूलक तालिम ९७ जना गरी १ हजार ६४९ लाभग्राहीलाई ४ करोड बराबर नगद सहायता प्रदान गरिएको छ। त्यसैगरी युनिसेफ र सोसेक नेपालसँगको सहकार्यमा ३७० भूकम्प प्रभावित बालबालिकाहरूलाई १६ लाख ४८ हजार नगद सहायता प्रदान गरिएको छ। नेपाल रेड्क्रस सोसाइटीसँगको सहकार्यमा १६० जनालाई १२ लाख ८० हजार नगद सहायता प्रदान गरिएको छ। पुनर्निर्माणका लागि सिकर्मी र डकर्मी तालिम सञ्चालन गर्नु गरिएको छ। विस्तृत क्षति आकलन (DDA) गरी १० जना लाभग्राहीसँग पहिलो चरणको सम्झौता गरिएको छ। HDCS सँगको सहकार्यमा वडा नं १२ को जुम्लीपोखरीमा २१ वटा स्थायी आवास निर्माणको काम सघन रुपमा अघि बढाइएको छ।

२०. रोजगार सेवाकेन्द्रमा सूचीकृत ३ हजार १२८ बेरोजगार सूचीकृत भएकोमा हालसम्म ३०९ जनालाई प्रधानमन्त्री र मुख्यमन्त्री रोजगार कार्यक्रममार्फत् रोजगारी प्रदान गरिएको छ। जसअन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रमबाट १५ र मुख्यमन्त्री रोजगार कार्यक्रमबाट १४ वटा योजनाहरू सम्पन्न भएका छन्।

२१. नगर कार्यपालिकाको कार्यालयबाट प्रवाह हुने सेवालाई सेवाग्राहीमैत्री बनाउन एकीकृत सेवाप्रवाह व्यवस्थित रूपमा सञ्चालन भएको छ। सेवाग्राही सन्तुष्टि सर्वेक्षण गरी प्राप्त सुझाव कार्यान्वयन गर्ने व्यवस्था मिलाइएको छ। नगर कार्यपालिकाको कार्यालय परिसरमा नि:शुल्क फोटोकपी सेवा, कल सेन्टर स्थापना, टोल फ्रि नम्बर, नागरिक वडापत्र र सूचना सम्प्रेषणका लागि डिजिटल बोर्डको व्यवस्था गरिएको छ। गुनासो सुनुवाइ व्यवस्थालाई प्रभावकारी बनाउँदै लिइएको छ।

२२. नवीनतम सूचना प्रविधिको उपयोग गर्दै विद्युतीय भुक्तानी प्रणाली (Electronic Fund Transfer) पूर्ण रुपमा लागू गरिएको छ। सार्वजनिक व्यवस्थापन प्रणाली (PAMS) पूर्ण कार्यान्वयन मार्फत् खरिद कार्यलाई व्यवस्थित गरिएको छ। योजना सम्झौता र भुक्तानी, राजश्व सङ्कलन कार्यलाई अनलाइन प्रणालीमा आवद्ध गरिएको छ।

२३. न्यायीक समितिको क्षेत्राधिकार भित्रका विभिन्न विवाद समाधानका लागि न्यायीक समितिलाई सक्रिय बनाइएको छ। हालसम्म विभिन्न प्रकृतिका ८२ वटा विवादको उजुरी दर्ता भएकोमा ५६ वटाको मेलमिलाप गराइएको छ भने १५ वटा प्रक्रियामा र ११ वटा विवाद माथिल्लो निकायमा सिफारिस गरिएको छ।

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

**यस गरिमामय सभाका सभाध्यक्षज्यू र सभाका सदस्यहरू !**

**२४.** आर्थिक वर्ष २०८२/०८३ को बजेटका उद्देश्य प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

(क) नागरिकको मौलिक हकको रुपमा रहेको शिक्षा र स्वास्थ्य क्षेत्रको गुणस्तर प्रवर्धन, विकास, विस्तार र संस्थागत सुदृढीकरण गर्ने,

(ख) कृषि व्यवसायको प्रवर्धन गरी स्वरोजगार सिर्जना गर्ने,

(ग) गुणस्तरीय पूर्वाधार विकास गरी समृद्ध नगरपालिकाको आधार तयार गर्ने,

(घ) आर्थिक तथा सामाजिक असमानता र विभेदको अन्त्य गरी सामाजिक न्याय कायम गर्ने,

(ङ) नगरपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवालाई सेवाग्राहीमैत्री बनाउने,

(च) समृद्ध चौरजहारी : जनउत्तरदायी सरकारको मार्गदर्शन पूरा गर्ने ।

**बजेटका उल्लिखित उद्देश्यहरु प्राप्त गर्न देहायअनुसार बजेटका क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरिएको छ :**

(क) शिक्षा र स्वास्थ्य क्षेत्रको दीर्घकालीन विकासका लागि भौतिक पूर्वाधार, जनशक्ति व्यवस्थापन, नवीन प्रविधि र संस्थागत क्षमता विकास गर्ने,

(ख) रोजगारमूलक विकास र उद्यमशीलताको माध्यमबाट आधारभूत आवश्यकताको परिपूर्ति गर्दै जीवनस्तरमा सुधार गर्ने,

(ग) कृषि, उद्योग, वन, पर्यटन र निर्माण लगायतका क्षेत्रको पुनरुत्थान गरी उत्पादन एवम् उत्पादकत्व वृद्धि गर्ने,

(घ) सडक, ऊर्जा, खानेपानी, सिंचाइ लगायतका भौतिक पूर्वाधार विकास गर्ने,

(ङ) तुलनात्मक लाभका क्षेत्र पहिचान गरी लगानीको अवसर प्राप्त गर्ने,

(च) संस्थागत सुशासन कायम र सेवाप्रवाहमा सुधार गर्ने ।

**२५.** यस वर्ष **'सहलगानीमार्फत् उत्पादनमा वृद्धि : सामाजिक न्यायसहितको आर्थिक समृद्धि'** को नारा तय गरिएको छ । यसको माध्यमबाट **'समृद्ध चौरजहारी : जनउत्तरदायी सरकार**'को दीर्घकालीन सोच हासिलका लागि टेवा पुग्ने गरी बजेट केन्द्रित गरिएको छ । आवधिक योजना, परियोजना बैङ्क र मध्यकालीन खर्च संरचना निर्माण गरी योजनाले लिएका लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीतिहरू कार्यान्वयन गर्दै गरिबी निवारण र आर्थिक सामाजिक रुपान्तरणसहितको समानुपातिक समावेशी विकास हासिल गर्ने दिशातर्फ कार्यक्रमहरू केन्द्रित गर्ने प्रयास गरिएको छ ।

चौरजहारी नगरपालिका, रूकुम (पश्चिम)

२६. चालु आयोजनाको कार्यान्वयनका लागि सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रसँगको साझेदारीबाट विकास प्रक्रियालाई शीघ्र अगाडि बढाउने कार्यक्रममा जोड दिइएको छ।

**नगरसभाका सभाध्यक्ष महोदय र सभा सदस्यहरू !**

अब यस सम्मानित सभा समक्ष आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्दछु।

## आर्थिक विकास क्षेत्र

२७. जनताको जीवनस्तर उठानका लागि आर्थिक विकास क्षेत्रमा लगानी आवश्यक छ। त्यसका लागि यस वर्ष रु. ४ करोड १ लाख विनियोजन गरिएको छ । कृषिको व्यवसायीकरण आजको आवश्यकता हो। कृषि पेसामा आकर्षण गर्न कृषक प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने छ। नश्ल सुधार कार्यक्रम सञ्चालन गरी पशुपालन व्यवसाय प्रवर्धन गरिने छ । कृषि र पशुपालन व्यवसायका लागि रु. १ करोड ५८ लाख बजेट विनियोजन गरिएको छ। कृत्रिम गर्भाधारणमार्फत् नश्ल सुधारका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ।

२८. पशुपालन व्यवसायलाई प्रवर्धन गर्दै लिइने छ । पशु आहार तथा स्वास्थ्य सुधारका लागि प्रोबायोटिक तथा घाँसको बिउँ बिरुवा वितरण गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ । मौरीपालन व्यवसाय प्रवर्धनका लागि रु. ९० लाख विनियोजन गरिएको छ।

२९. प्याज बिउँ उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ। त्यसका लागि रु. ९ लाख ७५ हजार विनियोजन गरिएको छ। दुग्ध व्यवसाय सञ्चालनका लागि गाईभैसी प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ। त्यसका लागि आवश्यक बजेट विनियोजन गरिएको छ। वडा नं. १० मा कृषि उपज सङ्कलन निर्माण कार्य सम्पन्न गर्नका लागि रु. ३० लाख विनियोजन गरिएको छ।

३०. सङ्घ सरकारसँगको समन्वयमा यस वर्ष वडा नं. ३ मा मैखारा शहीद स्मृति पर्यटन पूर्वाधार निर्माणका लागि खौचनेदेखि मैखारासम्म सडक कालोपत्रे गरिनेछ। वडा नं. ९ स्थित ऐतिहासिक तिर हान्ने ढुङ्गा पर्यटकीय स्थल संरक्षणका लागि पूर्वाधार विकास गरिनेछ।

३१. चौरजहारी नगरपालिका क्षेत्रभित्रका ४ सय जना बेरोजगारहरूलाई रोजगार प्रदान गरिनेछ । त्रिपक्षीय रूपमा नगरपालिका, प्रधानमन्त्री र मुख्यमन्त्री रोजगार कार्यक्रममार्फत् सिंचाइ, खानेपानी, पैदल मार्ग लगायत पूर्वाधार निर्माणका साथै सीप विकास तालिम सञ्चालन गरिनेछ। कम्तिमा १ सय दिनको रोजगारीका लागि रु. २ करोड १० लाख बजेट विनियोजन गरिएको छ।

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

**३२.** युवाहरूका लागि स्वरोजगार सृजना गरिनेछ । स्थानीय आवश्यकता र सम्भावनाका आधारमा व्यवसाय सञ्चालन गर्न युवाहरूलाई प्रोत्साहन गरिनेछ । त्यसका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ।

## सामाजिक विकास क्षेत्र

**३३.** शिक्षा, स्वास्थ्य, महिला बालबालिका तथा समाजकल्याण, भाषा संस्कृति, युवा तथा खेलकुद लगायतका उपक्षेत्रहरू सामाजिक विकास क्षेत्रमा पर्दछन् । सामाजिक विकास क्षेत्रका लागि रु. २८ करोड २२ लाख ९४ हजार विनियोजन गरिएको छ । श्रमप्रति आस्थावान, दक्ष, सचेत र राष्ट्रप्रति वफादार नागरिक तयार गरी सभ्य समाजको निर्माण गर्न शिक्षा क्षेत्रको विकासलाई पहिलो प्राथमिकता दिइएको छ । नगरपालिकाभित्रको शिक्षालाई सबल र गुणस्तरीय बनाउन शिक्षा क्षेत्रमा कुल २२ करोड ४८ लाख अर्थात् ३९.१५ प्रतिशत बजेट विनियोजन गरिएको छ।

**३४.** विद्यार्थी सङ्ख्या अधिक र शिक्षक सङ्ख्या न्यून रहेको यस चौरजहारी नगरपालिकामा शिक्षक विद्यार्थी अनुपात मिलाउन नगर शिक्षक परिचालन गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको छ । यसका लागि ३ करोड २० लाख बजेट विनियोजन गरिएको छ।

**३५**. संविधानको मर्मअनुरूप अनिवार्य र नि:शुल्क शिक्षाको प्रत्याभूति हुने गरी चौरजहारी नगरपालिकाले नि:शुल्क अभ्यासपुस्तिका र पोसाकको व्यवस्था गर्दै आएको छ । उक्त कार्यक्रम अन्तर्गत प्रारम्भिक बालशिक्षादेखि कक्षा ५ सम्मका बालबालिकाहरूका लागि पोसाक र विषयगत अभ्यास पुस्तिका प्रदान गर्ने कार्यलाई निरन्तरता दिइने छ । त्यसका लागि रु. ४८ लाख बजेट विनियोजन गरिएको छ।

**३६.** राम्रा अभ्यासको अनुकरण गरी कार्यक्षेत्रमा लागू गर्न प्रधानाध्यापकहरूको विद्यालय अवलोकन भ्रमणको व्यवस्था मिलाइने छ । प्रधानाध्यापक तथा शिक्षकहरुको पेसागत सिप विकास, लेखा तथा जिन्सी व्यवस्थापन तालिमका आवश्यक बजेटको व्यवस्था गरिएको छ । नियमित छात्रवृत्तिका अतिरिक्त KISK EQUIP सँगको सहकार्यमा विद्यालयमा अध्ययनरत ४ सय ५० जना विद्यार्थीहरूलाई ३ हजारका दरले छात्रवृत्ति प्रदान रु. १३ लाख ५० हजार विनियोजन गरिएको छ।

**३७.** एकीकृत पाठ्यक्रममा आधारित मूल्याङ्कन कार्यान्वयन सुदृढीकरणका लागि २ लाख विनियोजन गरिएको छ। नगरपालिका स्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ। विद्यालय स्तरबाट नै खेल प्रतिभाको पहिचान र प्रतिभा प्रष्फुटनको अवसरका लागि नगर प्रमुख कप खेलकुद प्रतियोगिता आयोजना गरिनेछ। त्यसका लागि रु. ९ लाख बजेट विनियोजन गरिएको छ। वडा नं. १ को लामिछानेगाउँमा खेलकुद पूर्वाधार निर्माणका लागि रु. १० लाख विनियोजन गरिएको छ।

**३८. 'सिर्जनशील, इमान्दार, जिम्मेवार र अनुशासीतलाई पुरस्कार र खराबलाई दण्ड'** को नीति अवलम्बन गरिएको छ। उत्कृष्ट काम गर्ने शिक्षक र कर्मचारीहरूलाई वार्षिक रूपमा सम्मानसहित पुरस्कृत गर्ने कार्यक्रम रहेको छ। त्यसका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु। स्थानीय पाठ्यक्रमको मर्म अनुरूप विद्यार्थीहरूलाई विद्यालयमा कृषि कर्मको प्रयोगात्मक अभ्यास मिलाइने छ। हाम्रो चौरजहारी स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वनयका लागि हाम्रो चौरजहारी पाठ्यपुस्तक लेखन र छपाइ गरिनेछ। त्यसका लागि रु. ५ लाख बजेट विनियोजन गरिएको छ।

**३९.** विद्यार्थी उपस्थिति दरमा वृद्धि, पोषण अवस्थामा सुधार ल्याउन प्रारम्भिक बालविकास कक्षादेखि कक्षा ५ सम्म दिवा खाजा कार्यक्रम थप व्यवस्थित रूपमा सञ्चालन गरिनेछ। त्यसका लागि रु. १ करोड ४१ लाख ६८ हजार विनियोजन गरिएको छ। छात्राहरूको स्वास्थ्य र सरसफाइ तथा उपस्थिति दरमा वृद्धिका लागि नि:शुल्क स्यानिटरी प्याड वितरण गर्ने कार्यक्रम रहेको छ। उक्त कार्यक्रमका लागि रू. २२ लाख ६४ हजार विनियोजन गरिएको छ।

**४०.** प्रतिविद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्था मिलाइएको छ। त्यसका लागि रु. ४७ लाख ९६ हजार विनियोजन गरिएको छ।

**४१.** सामुदायिक विद्यायलको कक्षा १-५ मा अध्यननरत छात्रा, दलित र अल्पसङ्ख्यक विद्यार्थीहरूलाई प्रोत्साहन गर्न छात्रवृत्तिको व्यवस्था मिलाइएको छ। त्यसका लागि रु. १० लाख १८ हजार विनियोजन गरिएको छ। कक्षा ६-१२ अध्ययनरत विद्यार्थीहरूका लागि सङ्घ सरकारसँगको सहकार्यमा विपन्न लक्षित छात्रवृत्तिको व्यवस्था मिलाइएको छ। त्यसका लागि रु. २३ लाख ९४ हजार विनियोजन रहेको छ।

**४२.** विज्ञान विषय अध्ययन गर्ने विद्यार्थीहरूलाई विज्ञान विषय छात्रवृत्ति प्रदान गरिनेछ। त्यसका लागि यस वर्ष रु. ६ लाख विनियोजन गरिएको छ। Hope for Children सँगको समन्वयमा ६ देखि १२ वर्ष मुनिका २५० जना बालबालिकाहरूको सिकाइ सुधार, अभिभावक भेटघाटका साथै पोसाक र स्टेशनरीका सामान उपलब्ध गराइनेछ। त्यसैगरी ६० जना अभिभावहरूलाई

चौरजहारी नगरपालिका, रूकुम (पश्चिम)

आयआर्जनका लागि सिप विकास तालिम प्रदान गरिनेछ । त्यसका लागि रु. ३९ लाख ५१ हजार विनियोजन गरिएको छ ।

४३. आर्थिक वर्ष २०८२/०८३मा स्वास्थ्य क्षेत्रमा **'प्रवर्धन गरौं स्वास्थ्य सेवा : स्वस्थ जीवन र दीर्घायु टेवा'** भन्ने नारा अवलम्बन गरिएको छ । उक्त नारालाई सार्थक बनाउन स्वास्थ्य सेवा प्रवर्धनका कार्यक्रम सञ्चालन गरिनेछ । स्वास्थ्यतर्फ कुल ५ करोड ५४ लाख ४ हजार अर्थात् कुल बजेटको ९.०० प्रतिशत बजेट विनियोजन गरिएको छ ।

**४४.** गरिव, विपन्न दलित, अल्पसङ्ख्यक, सहिद परिवार र युद्धका क्रममा घाइते भएकाहरूको लागि निःशुल्क स्वास्थ्य बिमा गरिनेछ । त्यसका लागि रु. ४० लाख बजेट विनियोजन गरिएको छ । मानव विकास तथा सामुदायिक सेवा (HDCS) चौरजहारी अस्पतालसँगको समन्वयमा नर्सिङ कलेज सञ्चालनमा ल्याइनेछ । त्यसका लागि रु. ४ करोड विनियोजन गरिएको छ । मानसिक स्वास्थ्य सेवाका लागि आवश्यक समन्वय र सहकार्य गरिनेछ । स्वास्थ्य संस्थाहरूमा औषधी व्यवस्थाको लागि रु. ४० लाख बजेट विनियोजन गरिएको छ ।

**४५.** पोषण स्वस्थ र दीर्घ जीवनको आधार हो । पोषण प्रवर्धनका लागि बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन गरिनेछ । त्यसका लागि ४५ लाख रकम विनियोजन गरिएको छ । पोषणमैत्री स्थानीय शासन प्रवर्धन कार्यक्रमका लागि रु. ३० लाख ४० हजार विनियोजन गरिएको छ । समाजसेवाको भावले स्वास्थ्य स्वयंसेवीकाहरू समर्पित छन् । स्वास्थ्य स्वयंसेवीकाहरूको कामको उच्च प्रशंसा गर्दै सम्मानका लागि रु. १० हजार पोसाक भत्तासहित १२ लाख ४० हजार प्रोत्साहन भत्ताको व्यवस्था मिलाइएको छ ।

**४६.** खानेपानी नागरिकको आधारभूत आवश्यकता हो । यसको सहज आपूर्तिका लागि न्यूनतम ५ युनिट भन्दा कम मासिक रुपमा पानी उपयोग गर्ने परिवारहरूका लागि विजयश्वरी सुख्खा खानेपानी उपभोक्ता समितिसँगको सहकार्यमा १६ लाख अनुदान दिने व्यवस्था मिलाइएको छ ।

**४७.** तुलनात्मक रूपमा महिला र दलितहरू श्रम र सीपका धनी छन् । उनीहरूलाई व्यवसायीकरण गर्ने कार्यक्रम अगाडि सारिएको छ । महिला तथा दलित आयआर्जन कार्यक्रम सञ्चालन गर्न रु. ३० लाख बजेट विनियोजन गरिएको छ । राजनीतिक व्यवस्था परिवर्तनका लागि सहिदहरूको योगदान सदा स्मरणीय छ । सहिद परिवारको सम्मानका लागि आवश्यक बजेटको विनियोजन गरिएको छ ।

**४८.** देशको कुल जनसङ्ख्याको आधाभन्दा बढी अंश ओगट्ने महिलाको हक अधिकारलाई संरक्षण र संवर्द्धन गर्न आवश्यक छ । महिलालाई विकासमा मूलप्रवाहीकरण गर्न, राज्यका सबै तह र

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

निकायमा महिलाको पहुँच र प्रतिनिधित्व बढाइ सारभूत समानता कायम गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। महिला सशक्तिकरण कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था मिलाइएको छ।

**४९.** नेपालको संविधानको धारा २४ मा जातीय छुवाछुत तथा भेदभाव विरुद्धको हकको व्यवस्था छ। छुवाछुत तथा भेदभावजन्य कार्यको अन्त्यका लागि अन्तरजातीय विवाह गर्ने जोडीहरूलाई प्रोत्साहन गर्न प्रति जोडी १ लाखका दरले आवश्यक बजेटको प्रबन्ध मिलाइएको छ।

**५०.** जेष्ठ नागरिक अनुभवका खानी र ज्यूदा इतिहास हुन्। जेष्ठ नागरिकको सम्मान र सेवाको खाँचो बढ्दै गएको छ। जेष्ठ नागरिक विश्राम गृह निर्माणका लागि रु. १० लाख बजेट विनियोजन गरिएको छ। अपाङ्गता भएका व्यक्ति र बालबालिकाहरूको संरक्षण गर्नु हाम्रो जिम्मेवारी हो। अपाङ्गता भएका व्यक्तिहरूको लागि रु. ५ लाख विनियोजन गरिएको छ। बालबालिकाहरूहरूको संरक्षणका लागि आवश्यक बजेटको विनियोजन गरिएको छ। जनजाती लक्षित कार्यक्रमका लागि पनि रु. ५ लाख विनियोजन गरेको यस गरिमामय सभामा अवगत गराउँछु।

**नगरसभाका सभाध्यक्ष महोदय र सभा सदस्यहरू !**

## पूर्वाधार विकास क्षेत्र

**५१.** उत्पादन र उत्पादकत्त्व वृद्धि गर्न पूर्वाधार विकासको प्रमुख भूमिका रहन्छ। पूर्वाधार विकास क्षेत्रमा कुल ७ करोड ८५ लाख ७ हजार विनियोजन गरिएको छ। पूर्वाधार विकासका क्षेत्रमा उत्पादन योग्य जमिन भएको तर सिंचाइ सुविधाको अभाव रहेको जमीनमा उत्पादकत्व वृद्धि गर्न सिंचाइ पूर्वाधार निर्माण गरिनेछ। वडा नं. १ मा चौरजहारी सिंचाइ कुलो, वडा नं. २ मा बरलदेखि पीपलटाटा, वडा नं. ४ मा रुनढुङ्गा टाकुरा जङ्गले, वडा नं. ५ मा खहरेखोला खहरे भुजुङ्गे, वडा नं. ६ चिसापानी पाखाखेत, वडा नं. ७ उषापानी सुबागार सुनढुङ्गा, वडा नं. ८ र १० मा सिंचाइ ट्याङ्की, वडा नं. १० मा स्यालाखोला खहरेखेत, वडा नं. ११ मा सिमलचौर काप्रीखोला खलामिरी, वडा नं. १३ मा बरकाल्ने घुघुतीज्यूला लगायतका ११ वटा सिंचाइ आयोजनका लागि रु. १ करोड ५५ लाख विनियोजन गरिएको छ।

**५२.** नगर कार्यपालिकाको कार्यालय भवनलाई सुरक्षित, आकर्षक र व्यवस्थित गरिनेछ। पर्खाल निर्माण, गेट निर्माण लगायतका आवश्यक पूर्वाधार निर्माणका लागि रु. १ करोड ८७ लाख २० हजार विनियोजन गरिएको छ।

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

**५३.** सडक विकासको मेरुदण्ड हो । सडकको विकास बिना अन्य विकासका पूर्वाधार निर्माण गर्न सहज हुदैन । सडक निर्माण अन्तर्गत शान्तिबजार- घर्तीकाँडा – वडा कार्यालय सडक स्तरोन्नती गरिनेछ य। त्यसका लागि प्रदेश सरकारसँगको साझेदारीमा काम सम्पन्न हुने गरी रु. १ करोड ९८ लाख विनियोजन गरिएको छ । त्यसैगरी प्रदेश सरकारसँगकै सहकार्यमा भकुन्डे – टाटा – फलाँट – वडा कार्यालय - अमलाटाकुरा ज्यूला सडक स्तरोन्नतीको लागि रु. १ करोड ९६ लाख विनियोजन गरिएको छ । चौरजहारी नगरपालिका क्षेत्रभित्रका सबै सडकहरूको मर्मत सम्भार तथा स्तरोन्नती गरी बाह्रै महिना चल्ने बनाइनेछ । त्यसका लागि आवश्यक बजेटको विनियोजन गरिएको छ ।

**५४.** जन्म, विवाह र मृत्यु जीवनका महत्त्वपूर्ण सामाजिक कार्य हुन् । यिनको उचित व्यवस्थापन गर्नु हाम्रो दायित्त्व हो । यस वर्ष चौरजहारी नगरपालिका १ र २ मा मृत्यु कार्यलाई व्यवस्थित गर्न आर्यघाट निर्माण गरिनेछ । त्यसका लागि रु. १० लाख बजेट विनियोजन गरिएको छ ।

**५५.** पूर्वाधार विकासका लागि सङ्घ, प्रदेश र गैरसरकारी सङ्घसंस्थाहरूसँग सहकार्य गरिनेछ । त्यसका लागि रु. १ करोड २५ लाख विनियोजन गरिएको छ ।

**नगरसभाका सभाध्यक्ष महोदय र सभा सदस्यहरू**

## वातावरण तथा विपद् व्यवस्थापन

**५६.** विपद् जोखिम रोकथाम, तयारी, राहत तथा पुनस्थापनाको शीघ्र व्यवस्था मिलाइनेछ । उद्धार, राहत तथा पुनस्थापनाको पूर्व तयारी स्वरूप विपदबाट क्षति भएका घरहरूको पुर्ननिर्माणका लागि सङ्घ र प्रदेश सरकारसँग साझेदारी गर्न रु. १० लाख बजेट विनियोजन गरिएको छ ।

**५७.** प्रकोप पीडित परिवार, विद्यालय र स्वास्थ्य संस्थाहरू लगायतलाई राहत तथा उद्धार खर्चको व्यवस्था मिलाइएको छ । प्राकृतिक प्रकोपबाट पूर्ण रूपमा विस्थापितहरूलाई जस्तापाता, लत्ताकपडा, त्रिपाल लगायतका सामग्रीको व्यवस्था मिलाउन आवश्यक बजेटको व्यवस्था मिलाएको छ ।

**५८.** २०८० कार्तिक १७ गते राति जाजरकोट केन्द्रविन्दु भइ गएको विकासकारी भूकम्पका कारण यस चौरजहारी नगरपालिका क्षेत्रभित्र भएका निजी आवास तथा सार्वजनिक संरचनाहरूको पुनर्निर्माणका लागि आवश्यक पहल, समन्वय र सहकार्य गरिनेछ । भवन संहिताबमोजिम नक्सा पास गरी आफ्नो लगानीमा निजी आवास निर्माण गरेका लाभग्राहीलाई पहिलो प्राथमिकतामा राखी एकमुष्ठ रकम उपलब्ध गराइनेछ ।

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

## <u>संस्थागत विकास र सुशासन</u>

**५९.** संस्थागत विकास तथा सुशासनका क्षेत्रमा १५ करोड ६७ लाख ५ हजार बजेट विनियोजन गरिएको छ। कार्यस्थलमा हुनसक्ने जोखिम बहनमा उत्प्रेरित गर्न नगर प्रहरी, कर्मचारी र जनप्रतिनिधिहरूको म्यादी जीवन बिमा र कर्मचारी कल्याणकोष स्थापना गरिनेछ। म्यादी जीवन बिमाका लागि ५ लाख र कर्मचारी कल्याण कोषका लागि २ लाख बजेट विनियोजन गरिएको छ।

**६०.** शान्त, सभ्य र समुन्नत समाज निर्माणका लागि कानुनी सचेतना जरुरी छ। **कानुनको अज्ञानता क्षम्य हुदैन** भन्ने कानुनी सिद्धान्तलाई आत्मसात गर्दै कानुनी सचेतना तालिम सञ्चालन गरिनेछ। कर्मचारी, जनप्रतिनिधि र उपभोक्ता समितिहरूको पनि क्षमता विकास गरिनेछ। त्यसका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

**६१.** नगरपालिकाले सञ्चालन गरेका गतिविधि प्रसारणका लागि स्थानीय एफ.एम. रेडियोहरूसँग सहकार्य गरिनेछ। नगर सेरोफेरो रेडियो कार्यक्रम सञ्चालन गरिनेछ। त्यसको लागि आवश्यक बजेट विनियोजन गरिएको छ। सरकारका काम कारबाही खुला र पारदर्शी बनाइ जवाफदेही आवश्यक छ। तीन / तीन महिनामा सार्वजनिक सुनुवाइ गर्न आवश्यक बजेटको प्रबन्ध मिलाएको छु।

**६२.** नगरपालिकाको फोहरमैला व्यवस्थापन, बजार व्यवस्थापन, पार्किङ, सार्वजनिक व्यवस्थापन, राजश्व सङ्कलन, शान्ति सुरक्षा लगायतमा कार्यमा नगर प्रहरी परिचालन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ।

**६३.** सङ्घ र प्रदेश सरकारबाट प्राप्त हुने ससर्त, समपूरक, विशेष अनुदान र नगरपालिकाबाट प्राप्त बजेटबाट ठेक्का आह्वान गरी बचत हुन गएको रकमबाट जनताको तीव्र विकासको अपेक्षा सम्बोधन गर्न आवश्यकता र औचित्यका आधारमा बाँकी हुन गएको रकमबाट थप काम गरी बजेट कार्यान्वयन गरिनेछ।

**६४.** चौरजहारी नगरपालिका क्षेत्रभित्र कार्यक्रम सञ्चालनका लागि गैरसरकारी सङ्घ संस्थासँग साझेदारी र सहकार्य गरिनेछ। मानव विकास तथा सामुदायिक सेवा HDCS को २३ करोड ५५ लाख ५७ हजार ४९६ बजेट कार्यन्वयन हुनेछ। विद्यालय शिक्षासँग सम्बन्धित KISK EQUIP को ५७ लाख ८० हजार २८० बजेट रहेको छ। Hope for Children को ३९ लाख ५१ हजार गरी सङ्घसंस्थामार्फत् २४ करोड ५२ लाख ८८ हजार ७७६ बजेट परिचालन गर्ने कार्यक्रम रहेको यस सम्मानित सभामा जानकारी गराउँछु।

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

## स्रोत व्यवस्थापन

**६५.** आगामी आर्थिक वर्ष २०८२/०८३ मा प्रस्ताव गरिएका कार्यक्रम तथा आयोजना कार्यन्वयन गर्न नगरपालिकाको सञ्चित कोषतर्फ रु. ५७ करोड ४१ लाख ९५ हजार २५ विनियोजन गरिएको छ। चालुतर्फ ४२ करोड ८३ लाख १९ हजार ७८८ अर्थात् ७४.५९ प्रतिशत विनियोजन गरिएको छ। पुँजीगततर्फ १४ करोड ५८ लाख अर्थात् २५.४० प्रतिशत विनियोजन गरिएको छ। सञ्चित कोष र सङ्घसंस्था समेत गरी चौरजहारी नगरपालिकाको कुल बजेट रु. ८१ करोड ९४ लाख ८३ हजार यस सम्मानित सभामा पेस गर्दछु।

**६६.** आगामी आर्थिक वर्षको लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये आर्थिक ऐन, शहीदस्मृति नगर अस्पतालसहितको आन्तरिक राजश्वतर्फ जम्मा रु. २ करोड ५९ लाख २० हजार प्रक्षेपण गरिएको छ । सङ्घ सरकारको समानीकरण अनुदान १० करोड २४ लाख रहेको छ । सर्सत अनुदान सङ्घ सरकारको चालुतर्फ २४ करोड १० लाख रहेको छ । सर्सत अनुदान पूर्जीगँततर्फ सङ्घ सरकारको ३१ लाख रहेको छ । त्यसैगरी समपूरक अनुदान पूर्जीगँत सङ्घ सरकारको १ करोड १७ लाख प्राप्त भएको छ। सङ्घ सरकारको विशेष अनुदान चालुतर्फ ८४ लाख रहेको छ। सङ्घको राजश्व बाँडफाँडतर्फ ९ करोड ३५ लाख ६ हजार अनुमान गरिएको छ।

**६७.** राजश्व बाँडफाँट स्थानीय सरकारको दहत्तरबहत्तर शुल्क वापत् रु. ३० लाख र मालपोत रजिष्ट्रेशन शुल्क रु. ३९ लाख गरी रु. ६९ लाख राजश्व अनुमान गरिएको छ। कर्णाली प्रदेशको समानीकरण अनुदान प्रदेश सरकारबाट १ करोड ३२ लाख २१ हजार र सर्सत अनुदान चालु प्रदेश सरकारबाट रु. १४ लाख १९ हजार रहेको छ । सर्सत अनुदान पूँजीगत प्रदेश सरकार ३ करोड २० लाख, विशेष अनुदान चालु प्रदेश सरकार ३० लाख र समपूरक अनुदान पूँजीगत १ करोड ९७ लाखको स्रोत परिचालन हुनेछ। प्रदेश सवारी साधनबाट १९ लाख २८ हजार २३७ आय अनुमान गरिएको छ। योजना तथा कार्यक्रमहरूको विस्तृत विवरण **अनुसूची-१** मा उल्लेख गरेको व्यहोरा सम्मानित सभामा अवगत गर्दछु।

६८. **अन्त्यमा,** यो बजेट तथा कार्यक्रमका लागि महत्वपूर्ण सल्लाह, सुझाव र परामर्श दिएर सहयोग गर्नुहुने अग्रज व्यक्तित्व, नगर कार्यपालिका र नगर सभाका सदस्यहरू, सबै राजनीतिक दल एवम् भातृसङ्गठनका प्रतिनिधिहरू, राष्ट्रसेवक कर्मचारीहरू, शिक्षक, वुद्धिजीविहरू, सुरक्षाकर्मी, निजी क्षेत्र, नागरिक समाज, सञ्चारकर्मी, सम्पूर्ण जनसमुदाय लगायत सबैमा हार्दिक आभारसहित धन्यवाद व्यक्त गर्दछु।

**धन्यवाद !**